# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५५) काठमाडौं, जेठ २५ गते २०६२ साल (अतिरिक्ताङ्क १८ (ख)

## भाग ३

### श्री ५ को सरकार

### स्थानीय विकास मन्त्रालयको सूचना

श्री ५ को सरकार (मन्त्रिपरिषद्) को मिति २०६२।२।२५ को निर्णयानुसार स्थानीय स्वायत्त शासन ऐन, २०५५ (संशोधन सहित) को दफा २३९ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी नेपाल अधिराज्यका कुनै स्थानीय निकायको सदस्यहरूको निर्वाचन सम्पन्न नभएसम्म वा अर्को व्यवस्था नभएसम्मका लागि सोही ऐन बमोजिम ती स्थानीय निकायको कार्य संचालन गर्न हालभईरहेको व्यवस्थामा परिवर्तन गरी राजनीतिक व्यक्तिहरूसमेत समावेश भएको समिति गठन गर्ने सम्बन्धमा देहाय बमोजिमको व्यवस्था गरेकोले यो सूचना प्रकाशन गरिएको छः

१ स्थानीय स्वायत्त शासन ऐन, २०५५ (संशोधन सहित) को दफा २३९ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले कुनै स्थानीय निकायको सदस्यहरूको निर्वाचन सम्पन्न नभएसम्म वा अर्को व्यवस्था नभएसम्म ती स्थानीय निकायको कार्य संचालन गर्न हाल रहेका समितिलाई पुनर्गठन, सदस्यमा थपघट, हेरफेर गर्ने कार्य श्री ५ को सरकार (विभागीय मन्त्रीस्तर) बाट क्रमशः गर्ने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२ स्थानीय स्वायत्त शासन ऐन, २०५५ र स्थानीय स्वायत्त शासन नियमावली, २०५६ मा उल्लेख भए बमोजिम स्थानीय निकायले गर्ने सबै कार्यहरू उपरोक्त बमोजिमका समितिले गर्ने तर यो व्यवस्था लागू हुनु अघि कायम रहेको समितिबाट भए गरेका काम कारवाही, बजेट, कार्यक्रम आदिमा कुनै असर नपर्ने ।

३ खण्ड ५४, अतिरिक्ताङ्क १८(ख), मिति २०६१।४।२० को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना सो बमोजिमको व्यवस्थामा पुनर्गठित, थपघट वा हेरफेर भएका स्थानीय निकायका पदाधिकारीहरूको हकमा मात्र खारेज हुने र खारेज हुनु अघि त्यस्ता समितिबाट भए गरेका काम कारवाही यसै व्यवस्था बमोजिम भए गरेको मानिने ।

४. प्रकरण १ बमोजिम व्यवस्थित हुने स्थानीय निकायका समितिका कुनै पदाधिकारीको कार्य सम्पादन सन्तोषजनक नभएमा कारण खुलाई वा नखुलाई श्री ५ को सरकार (विभागीय मन्त्रीस्तर) बाट त्यस्तो पदाधिकारीलाई हटाउन वा फेरबदल गर्न सक्ने ।

५. स्थानीय निकायले काम कारवाही गर्दा कुनै बाधा अड्काउ सिर्जना भएमा स्थानीय विकास मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक निर्देशन दिने ।

आज्ञाले,
दोलखबहादुर गुरुङ
श्री ५ को सरकारको का.मु. सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-

मुद्रण विभाग सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९३२